# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ५, संख्याः २९, चैत्र ७ गते, २०७८ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

# वधस्थल सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७८

कार्यपालिकाबाट स्वीकृत मिति : २०७८।७।७

**प्रस्तावना :** व्यास नगरपालिका वडा नं.३ देउराली नगर बुल्दी खोला किनारमा निर्माण भएको वधस्थलको भौतिक तथा पूर्वाधार संरचनाहरूको प्रभावकारी र दिगो सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम व्यास नगरपालिका नगर कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

परिच्छेद १

प्रारम्भिक

**१.** **संक्षिप्त नाम तथा प्रारम्भ :** (१) यो निर्देशिकाको नाम "व्यास नगरपालिका वधस्थल सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७८" रहेको छ ।

(२) यो निर्देशिका व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

**२.** **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "कोष" भन्नाले वधस्थल सञ्चालन तथा व्यवस्थापनका लागि स्थापना गरिने कोष सम्झनु पर्छ ।

(ख) "नगर सभा" भन्नाले व्यास नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(घ) “पशु” भन्नाले मासु उत्पादनको लागि पालिने सबै प्रकारका घर पालुवा जनावर, पंक्षी र माछा समेत सम्झनु पर्छ ।
(ङ) “वधस्थल” भन्नाले मासुको निमित्त पशु वध गर्ने स्थानलाई सम्झनु पर्छ ।
(च) “सञ्चालक समिति” भन्नाले नियम ६ (१) बमोजिम गठित समिति सम्झनु पर्छ ।
(छ) “सदस्य” भन्नाले वधस्थलको सञ्चालक समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिका अध्यक्ष समेतलाई जनाउँछ ।

## परिच्छेद २
## उद्देश्य

३. **लक्ष्य :** नगरपालिका क्षेत्रमा वातावरणलाई असर नपर्ने गरी नगरका विभिन्न स्थानमा पशुहरूको वध गर्ने कार्यलाई व्यवस्थित रुपमा वधस्थल निर्माण गरेर नगर क्षेत्रमा वध गर्ने पशुहरुलाई एउटै स्थानबाट मासु बिक्री वितरण गर्ने कार्यलाई सहयोग पुर्याउने ।

४. **उद्देश्य :** यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछ :
(क) नगरपालिका भित्र वध गरिने पशुको उचित व्यवस्थापन गरी मासु बिक्री वितरणमा सहयोग गर्नु ।
(ख) नगरपालिका क्षेत्र भित्रको वातावरणलाई स्वच्छ र सफा बनाउन सहयोग गर्नु ।
(ग) नगरवासीहरुलाई स्वच्छ, सफा, ताजा र गुणस्तरीय र मापदण्ड बमोजिमको मासु उपभोग गर्ने वातावरणको सिर्जना गर्ने ।
(घ) नगरपालिकामा भएको फोहर मैला व्यवस्थापनको समस्यालाई समाधान गर्ने ।
(ङ) छरिएर रहेका मासु व्यवसायीहरुलाई एउटै छानामुनि व्यवसाय गर्ने वातावरण मिलाउने ।
(च) वातावरणीय प्रभावबाट हुने क्षति न्यून गर्ने ।

## परिच्छेद ३
## कोष सम्बन्धी व्यवस्था

५. **कोषको स्थापना र सञ्चालन :** (१) व्यास नगरपालिका वडा नं.३ मा रहेको वधस्थल सञ्चालन तथा व्यवस्थापन गर्नका लागि गठन गरिएको समितिको नाउँमा एक कोषको स्थापना हुनेछ ।

(२) उपनियम (१) बमोजिम स्थापना भएको कोषमा देहाय बमोजिमका रकमहरु हुनेछ :
(क) पशु बध गरे वापत प्राप्त हुने शुल्क वापतको रकम,
(ख) मित्र राष्ट्र, द्विपक्षीय र बहुपक्षीय दातृ संस्था, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, गैर सरकारी संस्था वा व्यक्तिबाट प्राप्त हुने अनुदान, उपहार तथा ऋण रकम,
(ग) कोषले आफ्नो रकम र चल अचल सम्पत्ति लगानी गरी प्राप्त भएको आम्दानी, व्याज, सेवा शुल्क र अन्य,
(घ) कोषले बैंक, वित्तीय संस्था वा ऋण प्रदान गर्ने अन्य संघ संस्थाबाट लिएको ऋण तथा सापटी । तर यस प्रकारको ऋण वा सापटी

लिनु परेको अवस्थामा नगर सभाबाट ऐन बमोजिम स्वीकृत भएको हुनु पर्दछ,

(ङ) नगरपालिकाद्वारा वधस्थल सञ्चालनका लागि आवश्यकता अनुसार प्रदान गर्ने अनुदान वापतको रकम,

(च) वधस्थलबाट निष्काशित वस्तु वा पदार्थ बिक्री वितरण गरे वापत प्राप्त हुने रकम,

(छ) कोषलाई अन्य स्रोतबाट प्राप्त रकम,

(३) कोषको रकम सञ्चालक समितिले निर्णय गरेको नेपाल सरकारबाट मान्यता प्राप्त कुनै बैंकमा खाता खोली राखिनेछ ।

(४) कोषको खाता सञ्चालन : सञ्चालक समितिको अध्यक्ष र कोषध्यक्षको संयुक्त दस्तखतबाट कोषको खाता सञ्चालन हुनेछ ।

(५) कोषको वार्षिक आम्दानी खर्चको अन्तिम लेखा परीक्षण नगरपालिकाले तोकेको अडिटर्स् फर्मबाट गराउनु पर्नेछ ।

## परिच्छेद ४
## समिति

६. **सञ्चालक समितिको गठन :** (१) वधस्थल सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिम ७ सदस्य रहेको एक सञ्चालक समिति गठन हुनेछ :

(क) सम्बन्धित वडाको वडा अध्यक्ष -अध्यक्ष

(ख) वडा समितिले मनोनयन गरेको वडा सदस्य मध्येबाट एक -सदस्य

(ग) वधस्थल सञ्चालन भएको टोल विकास संस्थाको अध्यक्ष - सदस्य

(घ) वधस्थल सञ्चालन गर्ने व्यवसायीहरु मध्येबाट ३ जना-सदस्य

(ङ) फोहोर मैला तथा वातावरण शाखा प्रमुख -सदस्य सचिव

(२) नगरपालिका वा कुनै सरकारी निकायले वधस्थल सम्बन्धी कार्यक्रम सञ्चालन गर्न चाहेमा सम्बन्धित निकायको प्रतिनिधिलाई सदस्यका रूपमा समावेश गर्न सकिने छ ।

(३) वधस्थल सञ्चालक समितिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ संस्थाबाट प्राप्त सहयोगको सञ्चालन तथा व्यवस्थापन गर्न सम्बन्धित संस्थाबाट आवश्यक प्राविधिक सहयोग लिन सक्नेछ ।

(४) वधस्थल सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(५) उपनियम १ (घ) अनुसारका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । पदावधि समाप्त भए तापनि अर्को समिति निर्माण नहुँदासम्म सोही समितिले काम गर्नेछ ।

(६) अध्यक्षको आदेशानुसार सदस्य सचिवले समितिको बैठक बोलाउनेछ र समितिले आवश्यकता महसुस गरेमा जुनसुकै बेला पनि सञ्चालक समितिको बैठक बोलाउन सक्नेछ ।

(७) सञ्चालक समितिको पदेन सदस्य बाहेक अन्य सदस्यले अध्यक्ष मार्फत लिखित राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।

(८) राजीनामा स्वीकृत पश्चात खाली हुन आएको पदमा बाँकी अवधिको लागि नियुक्ति गरिने छ ।

७. **सदस्यता कायम नरहने** : देहायको अवस्थामा सञ्चालक समितिको पदेन सदस्य बाहेकका अन्य सदस्यको सदस्यता कायम रहने छैन :

(क) राजीनामा स्वीकृत भएमा,

(ख) मनासिव माफिको सूचना नदिई लगातार तीन पटकसम्म नियमित बैठकमा अनुपस्थित भएमा,

(ग) प्रचलित कानून बमोजिम नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा,

(घ) यस निर्देशिकाको सिद्धान्त र उद्देश्य विरुद्ध कुनै काम गरेको भनी सञ्चालक समितिले प्रमाणित गरेमा,

(ङ) पदावधि सकिएमा,

(च) मानसिक सन्तुलन बिग्रिएमा,

(छ) मृत्यु भएमा,

(ज) नगर कार्यपालिकाबाट निर्देशिका संशोधन गरी सञ्चालक समितिका सदस्यहरु हेरफेर भएमा ।

८. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार** : सञ्चालक समितिको मुख्य मुख्य कार्यहरू निम्न अनुसार रहने छ :

(क) वधस्थलमा आवश्यक पर्ने उपकरणहरूको व्यवस्थापन गर्ने,

(ख) वधस्थलमा वध गर्ने पशुहरू वध गरे वापतको शुल्क सङ्कलन गर्ने,

(ग) वधस्थलको विद्युत तथा खानेपानी व्यवस्थापन गर्ने र महशुल नियमानुसार भुक्तानी गर्ने, गराउने,

(घ) वधस्थलको सरसफाई एवं मर्मत सम्भारको व्यवस्था मिलाउने,

(ङ) पशु वधशाला तथा मासु जाँच ऐन बमोजिम वध हुने पशुको नियमित पशु चिकित्सकबाट जाँच गर्ने व्यवस्थापन मिलाउने,

(च) वधस्थल खुल्ने र बन्द हुने समय निर्धारण गरी व्यवसायीहरुलाई जानकारी गराउने,

(छ) वधस्थलको मर्मत सम्भार लगायत अन्य कार्यको लागि बजेट आवश्यक भएमा नगरपालिका वा सम्बन्धित निकायमा प्रस्ताव पेश गर्ने,

(ज) वधस्थलमा वध गरी मासु बिक्री गर्ने व्यवसायीहरूलाई निजको पसलसम्म मासु ढुवानीको व्यवस्था समितिले गर्नुपर्ने भएमा शुल्क लिई उक्त व्यवस्था गर्ने,

(झ) वार्षिक रुपमा सरकोरवालाहरूलाई बोलाई वधस्थलको आम्दानी खर्चको हर हिसाब सुन्ने, सुनाउने वा विस्तृत गर्ने, गराउने,

(ञ) नगरपालिकाबाट प्राप्त सुझाव, सल्लाह एवं निर्देशनहरूलाई पूर्ण रुपमा पालना गर्ने, गराउने,

(ट) वधस्थलमा रहेका मासु व्यवसायीहरुले वधस्थल सञ्चालन एवं व्यवस्थापन समितिको नियम विपरित कार्य गरेमा जरिबाना वा सचेत र कार्वाही गर्ने, गराउने,

(ठ) स्वीकृत कार्यक्रम अनुसार बजेट निकासा गर्ने, गराउने,

(ड) आम्दानी खर्चको विवरण नगरपालिका र सम्बन्धित कार्यालयमा पठाउने,

(ढ) नगरपालिका, पशुसेवा विज्ञ केन्द्र वा अन्य सम्बन्धित निकायबाट प्राप्त निर्देशनको पालना गर्ने, गराउने,

(ण) वधस्थल रहेको टोल विकास संस्था वा स्थानीयहरूसँग समन्वय र सहकार्य गर्ने, गराउने,

(त) आर्थिक अनुशासन पालना गर्ने, गराउने,

(थ) वधस्थलको भौतिक सम्पत्ती संरक्षण गर्ने, गराउने ।

९. **सञ्चालक समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार** : सञ्चालक समिति समितिका पदाधिकारीहरुहरुको काम, कर्तव्य र अधिकार सम्बन्धित समिति आफैले तय गरे बमोजिम हुनेछ ।

## परिच्छेद ५
## विविध

१०. सञ्चालक समितिले कार्य गर्ने सिलसिलामा कुनै बाधा अड्काउ परेमा सञ्चालक समितिको सिफारिसमा नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

११. यो निर्देशिकाको प्रावधान प्रचलित कानूनसँग वा नियममा बाझिएको हकसम्म निष्कृय हुनेछ ।

१२. यो कार्यविधि संशोधन गर्न आवश्यक देखिएमा सञ्चालक समितिको परामर्शमा नगरपालिकाले संशोधन गर्नेछ ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत